अपिहिमाल गाउँपालिकाद्धारा प्रकाशित

# अपिहिमाल गाउँपालिका कार्यविधि

खण्ड: १ संख्या: २६ मिति: २०७८ भदौ ३१ गते बिहिबार

भाग-२

अपिहिमाल गाउँपालिका

दार्चुला जिल्ला

सुदूरपश्चिम प्रदेश, नेपाल

अपिहिमाल गाउँ पालिका
गाउँ कार्यपालिकाको कार्यालय
खण्डेश्वरी, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

अपिहिमाल गाँउपालिकाले बनाएको तल उल्लेख बमोजिमको ऐन/विधेयक स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) अनुसार सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

नि.प्रमुख प्रशासकीय अधिकृत

# अपिहिमाल गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

## खण्डेश्वरी, दार्चुला

## सुदूरपश्चिम प्रदेश, नेपाल

अपिहिमाल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खण्डेश्वरी, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

# विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि २०७८

स्वीकृत मितिः२०७८।५।३१

नि. प्रमुख प्रशासकीय अधिकृत

# "विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि २०७८"

## प्रस्तावना

विपद्को दृष्टिकोणबाट नेपाल संसार कै संवेदनशील देशहरु मध्ये एक हो । अव्यवस्थित बसाइसराई, जथाभावी वन फडानी तथा अतिक्रमण, अवैज्ञानिक खेती प्रणाली, कृषिमा अव्यवस्थित चाप, जनसंख्याको बढ्दो चाप, अव्यवस्थित शहरीकरण, अदुरदर्शी भौतिक संरचना निर्माण, जलवायु जन्य जोखिम, जनचेतनाको कमी जस्ता कारणले हरेक वर्ष हुने बाढी पहिरो, महामारी, झाडा पखाला, अनिकाल, आगलागी र भूकम्प जस्ता दुर्घटनामा हजारौं मानिसहरुको मृत्यु हुने गरेको छ । यस्ता प्रकारका विपदबाट जीउधन माथि भएको क्षति त छदैछ भौतिक संरचनामा समेत क्षति पुग्दा आर्थिक सामाजिक विकासमा समेत ठूलो नोक्सानी व्यहोर्नु परेको छ । यसरी हुने गरेका मानवीय तथा भौतिक क्षतिलाई न्यूनीकरण गर्नका लागि स्थानीय तह संचालन सर्म्बन्धि आदेश २०७४ बमोजिम गाँउपालिकाको कोषमा जम्मा भएको रकम गाँउपालिका विपद् व्यवस्थापन कोष खडा गरी सोही कोष मार्फत यस्ता प्रकारका क्षतिमा खर्च गर्दा प्रभावकारी हुने देखिएकाले **"विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि २०७८"** लागु गरिएको छ ।

## उद्देश्य :-

(क) विपद्मा परेका पीडितलाई उद्धार र पुनः स्थापना गर्ने कार्यका लागि सबै सरकारी तथा गैर सरकारी क्षेत्रको सहयोगमा जनसहभागिता समेत जुटाउनु ।

(ख) विपद्का लागि अत्यधिक जोखिम क्षेत्र पहिचान तथा नक्साङ्कन गरी जनचेतना अभिबृद्धि गर्नु ।

(ग) विपद्को जोखिमलाई न्यूनीकरण गर्न समय सापेक्ष नीतिगत र संस्थागत संयन्त्रमा सुधार गर्नु ।

(घ) विपद्बाट पीडित पक्षलाई आधारभूत आवश्यकताका लागि तत्काल राहत उपलब्ध गराउनु ।

(ङ) विकास निर्माण तथा भौतिक संरचनाको निर्माण गर्नु अघि वातावरण मैत्री प्रणालीमा जोड दिन जनचेतना जगाउनु ।

(च) विपद्को जोखिम न्यूनीकरणको लागि उपयुक्त सूचना प्रकोप पूर्वको तयारीका लागि उपलब्ध गराउनु ।

(छ राष्ट्रिय योजना आयोगले बनाएको उद्देश्य परिपूर्तिका लागि उन्मुख हुनु ।

(ज) विपद्का लागि लागु हुने प्रयास रोकथाम मूलक नबनाइ उपचार मूलक बनाउनु ।

(झ विपद् व्यवस्थापनमा काम गर्ने निकायको बीच समयमा नै समन्वय गर्नु ।

(ञ) विपद् सम्बन्धी सूचना दिने प्रविधिको व्यवस्थापन तथा व्यवस्थापन गर्नु ।

## परिच्छेद – एक
### संक्षिप्त नाम र प्रारम्भ

(१) संक्षिप्त नाम :- यस कार्यविधीको नाम **"अपिहिमाल गाँउपालिका विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि २०७८"** रहनेछ ।

(२) यो कार्यविधि तुरुन्त लागु हुनेछ ।

## परिच्छेद – दुई
### परिभाषा

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) विपद् व्यवस्थापन कोष भन्नाले "स्थानीय तहको शासन सञ्चालन सम्बन्धि आदेश २०७४" बमोजिम अपिहिमाल गाँउपालिकामा स्थापित कोषलाई सम्झनु पर्छ ।

(ख) "कार्यविधि" भन्नाले अपिहिमाल गाँउपालिकाको विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि २०७८ लाई सम्झनु पर्छ ।

अपिहिमाल गाउँ पालिका गाउँ कार्यपालिकाको कार्यालय खण्डेश्वरी, दार्चुला सुदूरपश्चिम प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

(ग) व्यवस्थापन समिति भन्नाले विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि २०७८ बमोजिम गठन भएको समितिलाई सम्झनु पर्छ ।

(घ) "गाउँपालिका" भन्नाले नेपालको संविधान बमोजिम गठन भएको अपिहिमाल गाउँपालिका सम्झनु पर्छ ।

(ङ) "कार्यपालिका" भन्नाले अपिहिमाल गाउँ कार्यपालिकालाई सम्झनु पर्छ ।

(च) "अध्यक्ष" भन्नाले गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्छ ।

(छ) "प्रमुख प्रशासकिय अधिकृत" भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृतलाई सम्झनु पर्छ ।

(ज) विपद् भन्नाले प्राकृतिक वा गैर प्राकृतिक कारणबाट उत्पन्न विपत्तिपूर्ण अवस्था सिर्जना भई धनजन, पशु-चौपायाको क्षतिको साथै जीवनयापनमा प्रतिकुल असर परी वा पारी विपद्बाट प्रभावित व्यक्ति वा समुदायको आफ्नै स्रोत र क्षमताबाट समाधान हुन नसक्ने बाह्य सहयोगको आवश्यकता पर्ने दुःखद तथा कष्टपूर्ण प्राकृतिक वा गैर-प्राकृतिक विपद् र हुन सक्ने विपत्तिपूर्ण अवस्थालाई समेत सम्झनु पर्छ ।

(झ) प्राकृतिक विपद् भन्नाले बाढी, अतिवृष्टि, अनावृष्टि, खडेरी, आँधी, असिनापानी, भू-कम्प, ज्वालामुखी विष्फोट, बाढी, पहिरो, चट्याङ तथा भूस्खलन जस्ता प्राकृतिक कारणबाट उत्पन्न विपद्लाई सम्झनु पर्छ ।

(ञ) गैर प्राकृतिक विपद् भन्नाले महामारी, अनिकाल, डढेलो, कीट आतङ्क, बर्डफ्लू, सर्पदंश, जनावर आतङ्क खानी दुर्घटना, औद्योगिक दुर्घटना, आगलागी, विषाक्त ग्यास वा रसायन चुहावट, विकिरण, ग्यास विष्फोटन विशाक्त खाद्य सेवन, वातावरणीय प्रदुषण वा विनास, भौतिक संरचनाका क्षति तथा विपद्का समयमा गरिने उद्धार कार्यका क्रममा हुने दुर्घटना आदि समेतलाई सम्झनु पर्छ ।

(तर गैर प्राकृतिक विपद्को हकमा मदिरा सेवन गरेको तथा न्यूनतम सावधानी नअपनाइएको भनी प्रहरी वा स्वास्थ्य संस्थाको मुचुल्काबाट देखिन आएमा राहत उपलब्ध गराइने छैन ।)

(ट) विपद् व्यवस्थापन भन्नाले विपद् जोखिम व्यवस्थापन र न्यूनीकरण, विपद् पूर्वतयारी, विपद् पुन-र्लाभ संग सम्बन्धित सम्पूर्ण क्रियाकलापलाई सम्झनु पर्छ ।

(ठ) विपद् जोखिम न्यूनीकरण भन्नाले विपद् पूर्व गरिने विपद् जोखिम विश्लेषण तथा मूल्याङ्कन, विपद् रोकथाम, विपद् अल्पीकरण तथा विकास कार्यमा विपद् जोखिम न्यूनीकरणको मूल-प्रवाहीकरण संग सम्वन्धित कार्य सम्झनु पर्छ ।

(ड) पूर्व तयारी भन्नाले विपद् हुनु पूर्व सम्भावित विपद्को प्रतिकारको लागि गरिने सबै प्रकारका तयारी र विपद्को सम्भावित जोखिम व्यवस्थापन र न्यूनीकरणका कार्य समेतलाई सम्झनु पर्छ ।

## परिच्छेद – तीन
## व्यवस्थापन समिति गठन

(१) विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि २०७८ को सञ्चालन तथा आवश्यक नीति निर्माण तथा निर्देशनका लागि देहाय वमोजिमका सदस्य रहने गरी एक सञ्चालन समिति रहनेछ ।

| | | |
|---|---|---|
| (१) | गाँउपालिका प्रमुख | – संयोजक |
| (२) | गाँउपालिका उपाध्यक्ष | – सदस्य |
| (३) | प्रमुख प्रशासकिय अधिकृत | – सदस्य |
| (४) | वातावरण तथा विपद् व्यवस्थापन समितिको संयोजक | – सदस्य |
| (५) | प्रहरी कार्यालयका प्रतिनिधि | – सदस्य |
| (६) | इन्जिनियर/प्राविधिक शाखा प्रमुख | – सदस्य |
| (७) | नेपाल रेडक्रस सोसाइटी उप-शाखा प्रतिनिधि | – सदस्य |
| (८) | गाउपालिकाको स्वास्थ्य संयोजक | – सदस्य |
| (९) | विपद् व्यवस्थापन शाखा प्रमुख | – सदस्य-सचिव |

समितिले आवश्यकता अनुसार बैठकमा अन्य विशेषज्ञ समेत आमन्त्रण गर्न सक्नेछ ।

(४) समितिको काम कर्तव्य र अधिकार

- गाँउपालिका विपद् कोष व्यवस्थापनका लागि आर्थिक स्रोतको व्यवस्थापन गर्ने ।
- गाँउपालिका विपद् व्यवस्थापन कोषको सञ्चालनका लागि योजना तर्जुमा गरी गाँउ सभाबाट स्वीकृत गराई कार्यक्रम तय गर्ने गराउने ।

अपिहिमाल गाउँ पालिका गाउँ कार्यपालिकाको कार्यालय खण्डेश्वरी,दार्चुला सुदूरपश्चिम प्रदेश,नेपाल

नि.प्रमुख प्रशासकीय अधिकृत

- विपद्को घटना घट्नु अगावै जनचेतना मुलक कार्यक्रम सञ्चालन गर्ने।
- विपद्बाट पीडित भएका व्यक्तिको सन्दर्भमा तथ्याङ्क संकलन गरी विपद्को घटना घटेको ठाँउमा समितिले अनुगमन गर्नुका साथै राहतको कार्यक्रम लागु गर्ने।
- विपद्का लागि पूर्व तयारीमा रहने।
- विपद् न्यूनीकरण तथा नियन्त्रणको पूर्वाधार निर्माण गर्न गाँउपालिका लाई सिफारिस गर्ने।

## परिच्छेद–चार
## समितिको बैठक

गणपुरक संख्या :

(१) समितिको बैठक बस्ने प्रयोजनका लागि ५० प्रतिशत भन्दा बढि सदस्य उपस्थित भएमा गणपुरक संख्या मानिनेछ। तर काबु बाहिरको परिस्थिति सिर्जना भएको अवस्थामा अध्यक्षले उद्धार तथा राहतका लागि सिधै निर्देशन गर्न सक्नेछ।

(२ विपद् व्यवस्थापन समितिको बैठक कम्तीमा प्रत्येक चौमासिकमा एक पटक वस्नुपर्नेछ तर विशेष परिस्थितिमा आवश्यकता अनुसार जुनसुकै समयमा पनि बस्न सक्नेछ।

(३) यस समितिको बैठक भत्ता गाउँपालिकाको प्रचलित कानुन वमोजिम हुनेछ।

## परिच्छेद–पाँच
## कोषको स्थापना र सञ्चालन

(१) यस कोषमा देहाय अनुसारको रकम जम्मा गरिनेछ।

(क) अपिहिमाल गा.पा.बाट वार्षिक रुपमा विपद् व्यवस्थापन कोषमा विनियोजन भएको रकम।

(ख) नेपाल सरकारबाट प्राप्त हुने अनुदान सहयोग।

(ग) विभिन्न सरकारी, गैह्र-सरकारी तथा अन्य दाताबाट प्राप्त भएको सहयोग रकम।

(घ) अन्य स्रोत।

(२) कोषको सञ्चालन : यस कोषको रकम गाँउपालिका विपद् व्यवस्थापन कोषको खातामा जम्मा गरी स्थानीय निकाय आर्थिक प्रशासन सम्वन्धी नियमावली २०६४, अनुसार खर्च गरिनेछ।

(३) कोषमा जम्मा भएको रकम :- यस कोषमा जम्मा भएको रकम विपद् व्यवस्थापनका लागि बाहेक अन्य प्रयोजनमा खर्च गर्न पाइने छैन।

(४) लेखा परीक्षण: यस कोषको आन्तरिक लेखा परीक्षण आ.ले.प.शाखाबाट र अन्तिम लेखा परीक्षण महालेखा परिक्षकको कार्यालयबाट गरिनेछ।

(५) खाता सञ्चालन : यस कोषको खाता सञ्चालन स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ अनुसार हुनेछ।

## परिच्छेद – छ
## उद्धार तयारी व्यवस्थापन :

(क) विपद्को जोखिममा रहेको क्षेत्रको अध्ययन गर्ने व्यवस्था मिलाउने।

(ख) तालिम प्राप्त जनशक्तिको साथै विपदको समयमा राहतको छरितो व्यवस्थाको लागि खोज र उद्धार सामग्रीहरुको लगत अद्यावधिक गर्नुका साथै आपतकालीन खाद्यान्न,औषधि एवं लत्ता कपडाको भण्डारण गर्न समन्वय गर्ने।

(ग) सामाजिक एवं गैर सरकारी संघ संस्था एवं पत्रकारहरुको सहयोग समेत लिई गाँउपालिका विपद् व्यवस्थापन सम्वन्धी जनचेतना अभिवृद्धि गर्ने।

अपिहिमाल गाउँ पालिका गाउँपालिकाको कार्यालय सुदूरपश्चिम प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची-१

कुनै पनि प्रकारको विपद् बाट भएको विभिन्न किसिमका क्षति भई विपद् व्यवस्थापन कोष बाट राहत माग गर्दा पिडितले तपिशलका कागजपत्र सहितको फाईल विपद् व्यवस्थापन शाखामा पेश गर्नुपर्ने छ ।

१) हस्तलिखित निवेदन(पिडितको)

२) प्रहरी मुर्चुल्का\वडा स्तरिय विपद् व्यवस्थापन समितिको सिफारिस

३) विपद् बाट भएको क्षतिको विवरण प्रष्ट देखिने गरि खिचिएको कलर फोटो २ प्रति

४) नेपाली नागरिकताको प्रतिलिपि

५) जग्गाधनी लालपूर्जाको प्रतिलिपि

अपिहिमाल गाउँ पालिका
गाउँ कार्यपालिकाको कार्यालय
खण्डेश्वरी,दार्चुला
सुदूरपश्चिम प्रदेश,नेपाल

२०७८।८।३

आज्ञाले
लक्ष्मण सिंह धामी
प्रमुख प्रशासकीय अधिकृत
नि.प्रमुख प्रशासकीय अधिकृत